मकालु गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

नुम, संखुवासभा

# आव ०७६।७७ को लागि जडिवुटी, कवाडी र जीवजन्तु कर ठेक्का वन्दोवस्ती सम्वन्धी सिलवन्दी वोलपत्र अह्वानको सुचना

प्रथम पटक प्रकाशित मितिः २०७६।०४।१६

मकालु गाउँपालिकाको गाउँसभाबाट स्वीकृत आर्थिक ऐन २०७६ को दफा ६ बमोजिम सोहि ऐनको अनुसूचि ५ मा उल्लेखित दररेट लागू हुने गरी मकालु गाउँ कार्यपालिकाको कार्यालयबाट आ.व. ०७६/०७७ को लागि आन्तरिक आय (मकालु गाउँपालिका भित्र उत्पादित तथा संकलित जडिवुटी, कवाडी र जीवजन्तु वाह्यय निकासीमा कर) संकलन ठेक्का निम्नानुसार व्यवस्था गर्नु पर्ने भएकोले प्रचलित नेपाल कानून वमोजिम इच्छुक योग्य फर्म वा कम्पनी वा संस्थालाई वोलपत्र फारम खरिद गरी तपशिलमा उल्लिखित शर्तका अधिनमा रहि आफुले लिन चाहेको ठेक्का नं र कवोल गरेको रकम अङ्क र अक्षरमा उल्लेख गरी शिलवन्दी दरभाउपत्र पेश गर्नु हुन यो सुचना प्रकाशित गरिएको छ ।

**<u>ठेक्काका शर्तहरुः</u>**

१. प्रचलित नेपाल कानुन वमोजिम दर्ता भइ प्रमाण पत्र प्राप्त गरेका फर्म, कम्पनी वा संस्थाले वोलपत्र फारम खरिद गरी तोकिएको समयमा दर्ता गर्न सक्नेछन ।

२. वोलपत्र फारम खरिद गर्न आ.व. ०७५।७६ मा नविकरण भएको फर्म दर्ता प्रमाणपत्र, आ.व. ०७४।७५ को करचुक्ता प्रमाणपत्र, भ्याट दर्ता प्रमाण पत्रका प्रमाणित प्रतिलिपि सहित यो सूचना प्रकाशित भएको मितिदेखि १५ दिन भित्र वोलपत्र खरिदको लागि मकालु गाउँ कार्यपालिकाको कार्यालय नुम संखुवासभामा निवेदन पेश गर्नु पर्नेछ ।

३. वोलपत्रदाताले यो सुचना प्रकाशित भएको मितिले सोह्रौ दिनको दिउसो १२ वजे भित्र यसै कार्यालयमा वोलपत्र दर्ता गर्नुपर्नेछ । नियमानुसार दर्ता हुन आएका वोलपत्रहरु सोहि दिनको २ वजे यसै कार्यालयमा कार्यालयको प्रतिनिधि र वोलपत्रदाताको रोहवरमा खोलिनेछ । वोलपत्रदाता उपस्थित नभएमा वोलपत्र खोल्न बाधा पर्ने छैन । वोलपत्र खरिद गर्ने, वोलपत्र दर्ता गर्ने वा खोल्ने दिन सार्वजनिक विदा परेमा उक्त कार्य सोको भोलिपल्ट हुनेछ ।

४. जसको नाममा वोलपत्र खरिद गरिएको हो, सोहि फर्म वा कम्पनीले मात्र वोलपत्र दर्ता गर्नु पर्नेछ । कार्यालयबाट उपलव्ध गराइएको वोलपत्र फारमको प्रतिलिपी मान्य हुने छैन ।

५. वोलपत्र फारममा कवोल रकम अङ्क र अक्षर दुवैमा उल्लेख गर्नु पर्नेछ । अङ्क र अक्षरमा फरक पर्न गएमा अक्षरलाइ मान्यता दिइनेछ ।

६. सिलवन्दी वोलपत्रदाताले नियमानुसार कवोल अङ्कको ३ प्रतिशतले हुन आउने रकम मकालु गाउँ कार्यपालिकाको कार्यालयको नाममा सिद्धार्थ वैंक लिमिटेड मकालु शाखा संखुवासभामा रहेको धरौटी खाता नं ०२६१५१३५८५८ मा दाखिला गरेको सक्कलै वैक भौचर वा नेपाल राष्ट्र वैंकबाट क वर्गको मान्यता प्राप्त वैक तथा वित्तिय संस्थाले जारी गरेको वोलपत्र पेश गर्ने मिति देखि कम्तिमा १२० दिनको मान्य अवधि रहेको वैक जमानत पत्र **(Bid Bond)** पेश गर्नु पर्नेछ ।

७. ठेक्का स्वीकृत भएपछि स्वीकृत ठेक्का अङ्क वरावरको नियमानुसारले हुन आउने रकम मकालु गाउँ कार्यपालिकाको कार्यालयको नाममा सिद्धार्थ वैंक लिमिटेड मकालु शाखा संखुवासभामा रहेको धरौटी खाता नं ०२६१५१३५८५८ मा दाखिला गरेको सक्कलै वैक भौचर वा नेपाल राष्ट्र वैंकबाट क वर्गको मान्यता प्राप्त वैक तथा वित्तिय संस्थाले यस कार्यालयको नाममा जारी गरेको कम्तिमा १३ महिनाको म्याद भएको वैंक जमानत पत्र **(Performance Bond)** पेश गर्नु पर्नेछ ।तत्पश्चात मात्र सम्झौता हुनेछ।

८. ठेक्का अवधि सम्झौता मिति देखि २०७७ असाढ मसान्तसम्म हुनेछ ।

९. ठेक्काको कवोल अङ्क रकम तीन किस्तामा वुझाउनु पर्नेछ । पहिलो किस्ता वापत ४० प्रतिशतले हुन आउने रकम सम्झौता अघि वुझाउनु पर्नेछ । वाकी ६० प्रतिशत रकम मध्ये दोश्रो किस्ता वापत ३० प्रतिशत रकम २०७६ कार्तिक मसान्त भित्र र अन्तिम किस्ता वापतको वाकी ३० प्रतिशत रकम २०७६ फाल्गुण मसान्त भित्र वुझाइसक्नु पर्नेछ । तोकिएको किस्ता म्यादभित्र नवुझाएमा कार्यालयको धरौटी खातामा रहेको धरौटी रकम वा वैक जमानत **(Performance Bond)** वाट

असुल उपर गरिनेछ।सम्झौता अघि नै एकैपटक कवोल रकम वुझाउदा कार्यपालिकाको निर्णय वमोजिम कवोल रकमको १० प्रतिशत रकम छुट दिन सकिनेछ ।

१०. मकालु गाउँपालिकाको कार्यालयले समय समयमा दिएको निर्देशन पालना गर्नु ठेकेदारको कर्तव्य हुनेछ। ठेक्का सम्वन्धी कुनै विवाद भएमा कार्यालयको निर्णय अन्तिम हुनेछ ।सो निर्णय मान्नु ठेकेदारको कर्तव्य हुनेछ ।

११. न्युनतम ठेक्का रकम भन्दा कम अङ्क कवोल गरी वोलपत्र पेश गर्न पाइने छैन साथै ठेकेदारले कुनै शर्त राखि पेश गरेको वोलपत्र वा रित नपुगेको वोलपत्र उपर कुनै कारवाहि हुने छैन ।

१२. ठेक्का लिने ठेकेदारले दररेट सहितको साइनवोर्ड र सरसामान मापनको लागि मापन सामाग्री वा तौल मेसिनको व्यवस्था सम्वन्धित संकलन केन्द्रमा ठेकेदार आफैले गर्नु पर्नेछ ।

१३. ठेक्का कवोल गर्ने ठेकेदारले गाउँपालिकाले तोकेबमोजिम कर उठाउदा प्रयोग गर्ने नगदी रसिद ठेकेदार आफैले छपाइ गरी यस कार्यालयबाट स्वीकृत गराइ राख्नु पर्नेछ । प्रयोग भएका रसिदका विवरण कार्यालयले माग गरेमा त्यस्तो विवरण उपलव्ध गराउनु ठेकेदारको कर्तव्य हुनेछ ।

१४. ठेक्का अवधि समाप्त भइ कर चुक्ता गरिसकेपछि धरौटी रकम नियमानुसार फिर्ता गरिनेछ ।

१५. गाउँपालिकामा कुनै नगदी वा जिन्सी तिर्न वा वुझाउन वाकी रहेको वा पेश्की फर्छ्यौट नगरेका फर्म वा कम्पनीले ठेक्का प्रकृयामा भाग लिन पाउने छैन ।

१६. कर संकलन केन्द्र गाउँपालिकाको कार्यालयले तोकिदिए वमोजिम हुनेछ ।

१७. कुनै स्थानीय तहमा कर वुझाइसकेको प्रमाण पेश गरेमा पुन कर लिन पाइने छैन ।

१८. आयात गरेको कुनै पनि कच्चा पदार्थमा कर लिन पाइने छैन, त्यास्तो आयात प्रमाणित गर्न भन्सार प्रज्ञापन पत्रलाई आधार मान्नु पर्नेछ ।

१९. ठेक्का सञ्चालनको सिलसिलामा नेपाल सरकारलाइ नियामानुसार वुझाउनु पर्ने कर, महशुल, दस्तुर तथा शुल्क ठेकेदार आफैले वुझाउनु पर्नेछ।त्यस्तो रकम ठेक्का रकमबाट कटाउन पाउने छैन । ठेक्का अवधि भर ठेकेदारले ठेक्का तोड्न पाउने छैन।विचैमा ठेकेदारले ठेक्का तोडेमा असुल हुन वाँकी रकममा १० प्रतिशत जरिवाना सहित असुल उपर गरिनेछ ।

२०. माथि उल्लिखित शर्तहरु यसै वमोजिम लागु हुनेछन।उल्लेख नभएका विषयका हकमा मकालु गाउँपालिका र नेपाल सरकारका प्रचलित कानुन वमोजिम हुनेछ ।

२१. माथि उल्लिखित सिलवन्दी वोलपत्र स्वीकृत गर्ने, नगर्ने वा रद्द गर्ने अन्तिम अधिकार मकालु गाउँ कार्यपालिकाको कार्यालयमा निहित हुनेछ ।

२२. सिलवन्दी वोलपत्र सम्वन्धी शर्त र करका दररेटहरु कार्यालयको वेवसाइट **www.makalumun.gov.np** बाट आर्थिक ऐन २०७६ डाउनलोड गरी हेर्न सकिनेछ । सो सम्वन्धमा अन्य आवश्यक कुराहरु वुझ्नु परेमा मोवाइल नं ९७५२००६६६७ वा ९८५२०९९५४२ मा सम्पर्क गर्न सकिनेछ ।

ठेक्का सम्वन्धी विवरण:

| आन्तरिक आय व्यवस्थापन ठेक्का नं | ठेक्काको नाम | न्युनतम वार्षिक ठेक्का रकम | वोलपत्र फारम दस्तुर | धरौटी रकम |
|---|---|---|---|---|
| ०१/०७६/७७ | मकालु गाउँपालिका भित्र उत्पादित तथा संकलित जडिवुटी, कवाडी र जीवजन्तु वाह्यय निकासीमा कर | ३००००००।०० | ३०००।०० | नियमानुसार |

प्रमुख प्रशासकिय अधिकृत